आज मिति २०७८ साल बैशाख ९ गतेका दिन महांकाल गाउँपालिका गाउँ कार्यपालिकाको ९१ औं बैठक गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री कमला लामा तामाङ्ग ज्यू को अध्यक्षतामा बसी निम्न उपस्थितिमा प्रस्तावहरु छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

का.वा अध्यक्ष श्री कमला लामा तामाङ्ग
सदस्य श्री खोम प्रसाद गौतम
सदस्य श्री सञ्चमान स्याङ्तान
सदस्य श्री गंगाराम तिमाल्सिना
सदस्य श्री गन्धप्रसाद गौतम
सदस्य श्री खोमप्रसाद दहाल
सदस्य श्री रामकृष्ण आचार्य
सदस्य श्री पार्वती तिमाल्सिना
सदस्य श्री बालकुमारी तिमाल्सिना
सदस्य श्री उर्मिला घिमिरे तिमाल्सिना
सदस्य श्री सिता घिमिरे दहाल
सदस्य श्री गंगा नेपाली
सदस्य श्री मनोज बराम
सचिव श्री सुर्य प्रसाद कोइराला

अन्य सहयोगि कर्मचारी

स. पाँचौ सुनिल कुमार चिमौरिया

२०७८ बैशाख ९ गते बसेका महाङ्काल गाउँपालिका गाउँकार्यपालिकाको ९१ औं बैठकका

प्रशतावहरु

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा
२. प्राप्त परिपत्रवारे जानकारी सम्वन्मा
३. सबै योजनाहरु अनलाइन गर्ने सम्वन्धमा
४. खेलकुद विकास समिति गठन गर्ने सूचना निकाल्ने सम्वन्धमा
५. सार्वजनिक सुनुवाइ सम्वन्धमा
६. कार्यविधि एवं निर्देशिका सम्वन्धमा
७. मेलमिलाप केन्द्र गठन गर्ने सम्वन्धमा

**प्रस्ताव नं १ निर्णय नं १** प्रस्ताव नं १ माथि छलफल गर्दा २०७७ चैत्र २५ गते बसेको १० औं बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धी समिक्षा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ निर्णय नं २** प्रस्ताव नं २ माथि छलफल गर्दा आर्थिक सहयोगको लागि बैठकमा पेश भएको निवेदन र ४ नं वडाको सिफारिस पत्र उपर छलफल गर्दा ४ नं वडा निवासी विष्णु प्रसाद दाहालको छोरा विकास दाहाल हाल भक्तपुर जिल्ला चागुनारायण न.पा. वडा नं ८ स्थित महेन्द्रग्राम माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०७६/०७७ मा CTEVT को TSLC कृषि तर्फ १८ महिने PJTA मा अध्ययनरत छात्र आर्थिक अवस्था कमजोर भएको र उक्त PJTA निरन्तर गर्नको लागि आर्थिक सहयोग माग गरेकोमा रु १२०००(अक्षरुपी बाह्र हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ निर्णय नं ३** प्रस्ताव नं २ माथि छलफल गर्दा महाङ्काल गाउँपालिकामा सञ्चालित १-८ सम्मका पठनपाठन हुने विद्यालयहरुमा शैक्षिक गुणस्तरमा वृद्धि गर्नको लागि सूचना प्रविधिमा पहुँच पुर्याउने उदेश्यले अप्टिकल फाइवर नेट जडान गर्ने र त्यसमा लाग्ने खर्च सूचना तथा सञ्चार शिर्षकवाट कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं २ निर्णय नं ४** प्रस्ताव नं २ माथि छलफल गर्दा यस महाङ्काल गाउँपालिका स्थित मानिखेल अस्पतालको व्यवस्थापन समितिको मिति २०७८/१/९ गते वसेको बैठकको निर्णयानुसार पेश भएका तपशिलका च.नं. मा उल्लेखित विषयहरुमा तपशिलको निर्णय गरियो ।

क) मानिखेल अस्पतालकको च.नं. १५५ को पत्रानुसार अस्पतालको आकस्मिक कक्ष निर्माणको लागि विनियोजित वजेटबाट अपुग भएकोले अपुग रकम प्राविधिकको स्टिमेटको आधारमा स्रोत सुनिश्चित गरी अर्को बैठकमा छलफल गर्ने ।

ख) मानिखेल अस्पतालको च.नं. १५७ को पत्रानुसार अस्पताल व्यवस्थापनको लागि १ जना पाले चौकिदार तिर्थराज सिंगार र १ जना कार्यालय सहयोगी सरस्वती सिंगारलाई गाउँकार्यपालिकाको निर्णय अनुसार स्वा.चौकीको कार्यालय सहयोगिले पाउने सेवा शर्त सुविधा पाउने गरी दैनिक ज्यालादारीमा राखे ।

ग) मानिखेल अस्पतालको च.नं.१५९ को पत्रानुसार त्यस अस्पतालमा कार्यरत मे.अ. श्री सरोज घिमिरे घरायसी कारण देखाइ विदामा वस्नु पर्ने निवेदन पेश भएको र अर्को १ जना मे.अ. यस अघि नै राजिनामा दिइसके पस्चात अस्पतालमा १ जना मेडिकल अफिसर रिक्त रहेको अवस्थामा रिक्त पदमा डा.अमिर वतौंला ( पिप्ले-१ चितवन NMC No – 19359 ) लाई गाउँकार्यापालिकाले निर्णय गरे अनुसार अन्य मे.अ.ले पाउने सेवा, सुविधा र शर्त बमोजिम तत्कालका लागि दैनिक ज्यालादारीमा राखे र सो पदका लागि विज्ञापनको सूचना प्रकाशित गर्ने ।

घ) मानिखेल अस्पतालको च.नं.१५६ को पत्रानुसार सेवा छुट सम्बन्धमा भएका निर्णयको समर्थन गर्ने र सोको प्रचार प्रसारका लागि सम्पुर्ण वडा कार्यालयहरु स्वास्थ्य चौकी पालिका Website र पालिका क्षेत्र भित्रका संघिय तथा प्रदेश सरकारका कार्यालयहरुको सूचना पाटीमा टास गर्ने निर्णय गरियो।

- पालिका अन्तर्गतका सम्पुर्ण कर्मचारीलाइ ल्यावमा ५० प्रतिशत, फार्मेसीमा १० प्रतिशत र अन्य सेवामा २५ प्रतिशत छुट दिने ।

Scanned with CamScanner

- जेष्ठ नागरिकलाई ल्याब र अन्य सेवामा २५ प्रतिशत र फार्मेसीमा ५ प्रतिशत छुट दिने।
- विपन्न नागरिकलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा ल्याव र अन्य सेवामा २५ प्रतिशत देखी ५० प्रतिशत सम्म र फार्मेसीमा ५ देखी १० प्रतिशत सम्म छुट दिने ।


**प्रस्ताव नं ३ निर्णय नं ५** प्रस्ताव नं ३ माथि छलफल गर्दा नेपाल राष्ट्र बैंकबाट वित्तिय संस्था कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९ सालमा स्थापित महिला सहयात्रा लघुवित्त वित्तिय संस्था लि.को मिति २०७८/१/७ च.नं. ५८९ को पत्रानुसार उक्त संस्थाले पत्रमा उल्लेखित सेवा विस्तार गर्न यस पालिकामा शाखा खोल्न स्विकृतिको लागि माग भएकोमा शाखा खोल्नको लागि स्विकृत दिने निर्णय गरियो ।

**प्रस्ताव नं ४ निर्णय नं ६** प्रस्ताव नं ४ माथि छलफल गर्दा यस महाङ्काल गाउँपालिकाको आ.व. ०७७/०७८ को वार्षिक वजेट पुस्तिकामा उल्लेखित योजनाहरु सम्पन्न भए पश्चात सूचना प्रविधिको यथासम्भव प्रयोग गरी महाङ्काल गाउँपालिकाको website मा राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ निर्णय नं ७** प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको युवा खेलकुद विकास कार्यविधि २०७७को अधिनमा रहि युवा समिति गठन गर्नको लागि कार्यविधिको ४ को (१) ख अनुसार पालिकाको सवै वडा कार्यालयलाई पत्राचार गर्ने र सवै वडा कार्यालयहरुले सूचना प्रकाशन गरी युवाहरुको भेला गरी प्रत्येक वडावाट १/१ जना युवा समिति सदस्य मनोनयन गर्ने र युवा खेलकुद विकास कार्यविधि २०७७ को परिच्छेद ४ एक को (ग) प्रयोजनको लागि यस पालिकाको शिक्षा तथा खेलकुद शाखामा सम्पर्क गर्ने सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ६ निर्णय नं ८** प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको युवा खेलकुद विकास कार्यविधि २०७७को परिच्छेद ४ को एक (क) अनुसारको अध्यक्ष पदमा यस पालिकाको खेलकुद क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरेका श्री राजु लामा (भलिवल खेलाडी एवं रेफ्री तथा व्याडमिन्टन खेलाडी) लाई मनोनयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ निर्णय नं ९** प्रस्ताव नं ७ माथि छलफल गर्दा यस महाङ्काल गाउँपालिका न्यायिक समिति कार्यविधि सम्वन्धी ऐन २०७४ अनुसार परिच्छेद ८ को मेलमिलाप सम्वन्धी ब्यवस्था भए अनुसार सवै वडाहरुमा सडा स्तरिय मेलमिलाप केन्द्रको ब्यवस्था गर्ने र प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय वडा स्तरिय मेलमिलाम केन्द्र गठन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner